# नुवाकोट जिल्ला अदालत

(तहसिल शाखा)

## दशीका जिन्सी सामान फिर्ता लिन आउने बारेको जरुरी सूचना ।

### सूचना प्रकाशन मिति २०७५।९।२६

विभिन्न मिति र विभिन्न मुद्दामा दशीको रुपमा यस अदालतमा दाखिला हुन आई यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका सामानहरुको व्यवस्थापन गर्नु पर्ने भएकोले कानून र अन्तिम फैसलाले फिर्ता दिने ठहरेको जिन्सी सामानहरु फिर्ताको लागि यो सूचना प्रकासित भएको मितिले ७ (सात) दिन भित्र प्रमाण सहित यस अदालतमा आउनु होला । नआएमा कानून वमोजिम लिलाम हुनेछ । साथै फैसलामा केही उल्लेख नभएको, जफतको दावी समेत नभएको दशीको सामानहरुको हकमा त्यस्ता सामानहरु फिर्ता लैजान चाहे आफ्नो हक पुग्ने प्रमाण सहित् यो सूचना प्रकासित भएको मितिले ७ (सात) दिन भित्रमा सम्बन्धित व्यक्तिले यस अदालतमा दावी गर्न आउनु होला । यसरी फिर्ता लिन नआए मुल्यांकन समितिको निर्णय वमोजिम मूल्यांकन गरी त्यस्ता दशीका सामानहरु जिल्ला अदालत नियमावली २०७५ को नियम ९८ वमोजिम लिलाम विक्री गरी रकम धरौटीमा आम्दानी बाँधने र धरौटीमा आम्दानी बाँधिएको उक्त रकम ऐनका म्याद भित्र फिर्ता लिन नआए राजस्वमा दाखिला भई जाने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि मिति २०७५।९।२५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

२०७५।९।२६

(मान बहादुर मानन्धर)
तहसिलदार